# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ५०२

मिति: २०८३।०५।०९ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## स्रोत नखुलेको ३१ लाख नगद सहित १ जना चिनियाँ नागरिक पक्राउ

**चिनियाँ नागरिकले घर भाडामा लिएर बसी लागु औषध कारोवार गर्दै आएको भन्ने बिशेष सूचना प्राप्त भए पश्चात यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा मिति २०८३।०५।०८ गते जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. १५ चौमती स्थितमा घर भाडामा लिई बस्दै आएका चिनियाँ नागरिक बर्ष ५२ का MA YAGUBI लाई फेला पारी खानतलासी गर्दा निज बस्ने कोठा भित्रबाट लागु औषध नभेटिएको तर स्रोत नखुलेको नेपाली रकम रु. ३१,००,०००।- (अक्षरुपी एकतीस लाख) र निम्न उल्लेखित सामानहरु बरामद गरी उक्त चिनियाँ नागरिकलाई पक्राउ गरी थप अनुसन्धान कारवाहीको लागी प्रहरी परिसर काठमाण्डौंमा बुझाईएको ।**

**निम्न:-**

❖ **पक्राउ प्रतिवादीको विवरण:**

चिनियाँ नागरिक पासपोर्ट नम्वर ELI478138 वाहक बर्ष ५२ का MA YAGUBI

❖ **बरामद दशी (सामानहरू) को विवरण:**

१. नेपाली नगद रु. ३१,००,०००।- (अक्षरुपी एकतीस लाख)

२. ELI478138 नम्बरको पासपोर्ट थान १

३. सुन काट्न प्रयोग गरिने कैची थान १

४. ह्याम्मर थान १

५. डिजिटल तराजु थान १

६. क्यालकुलेटर थान १

७. विभिन्न कम्पनीका मोबाइल थान ४

८. NIMB बैकको चेकबुक थान २ र NIC Asia बैकको चेकबुक थान १

नोटः- निज हालसम्म ६ पटक नेपाल आएर फर्केको र पछिल्लो पटक July 23, 2026 मा नेपाल आएको अभिलेखबाट देखिएको ।

**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]